

चुरा लगाउँदै : झापाको कमल गाउँपालिका- ७ को गेउरिया बजारमा बजार भर्न आएकी साउने बर्तालु महिला हातमा चुरा लगाउँदै । तस्वीर : रासस

# ८ महिनामा गर्न नसकेको खर्च असारमै

**इजलास** /बिर्तामोड

असार मसान्त लागेसँगै बजेट सक्ने चटारो यसपटक पनि देखिएको छ । महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकलाई आधार मान्ने हो भने असार ३२ गतेसम्म १२ खर्ब ९६ अर्ब २४ करोड रूपैयाँ बजेट खर्च भएको छ । यो प्रतिस्थापन विधेयकमार्फत ल्याइएको बजेटको ७९.३९ प्रतिशत हुन जान्छ।

तर, पछि खर्च हुन नसक्ने देखेर तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले १६ खर्ब ३२ अर्ब रूपैयाँको बजेटको आकारलाई घटाएर १५ खर्ब ४६ अर्बमा झारेका थिए । ९० प्रतिशत भन्दा बढी चालु खर्च गरेको सरकारले ५७.२३ प्रतिशतमात्र पुँजीगत खर्च गर्न सकेको छ। चालु आर्थिक वर्षको ८ महिनामा पनि खर्च गर्न नसकेको सरकारले एक महिनामा नै खर्च गरेको छ। असारमा मात्र ७७ अर्ब ५४ करोड




५१ लाख रूपैयाँ पुजीगत खर्च भएको महालेखाले जनाएको छ । यसपटक सरकारले मासिक १० प्रतिशतका दरले पुँजीगत खर्च गर्ने नीति लिए पनि यो नीतिमा सरकार असफल देखियो ।।

आम्दानी ११ खर्ब

सरकारले आर्थिक वर्ष २०७८/७९ मा १२ खर्ब ४० अर्ब रूपैयाँ आम्दानी गर्ने लक्ष्य लिएकोमा ११ खर्ब ३४ अर्ब ७१ करोड आम्दानी गरेको छ। सरकारी आयव्ययको लेखा राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार राजस्वबाट १० खर्ब ६७ अर्ब रुपैयाँ, वैदेशिक अनुदानबाट १८ अर्ब २९ करोड रुपैयाँ र अन्यबाट ४८ अर्ब ४५ करोड रूपैयाँ आम्दानी भएको हो।

पत्रिकाको ग्राहक बन्नुपरेमा ९८५२६३५०२८

## विशेष छुट

आर्थिक वर्ष ०७९/८० को शुरुआतसँगै यस इजलास दैनिकको ग्राहक शुल्कमा विशेष छुट अफर ल्याइएको छ । साउन १५ भित्र ग्राहक बनेमा वार्षिक शुल्कमा रु ३००/- छुट दिइनेछ।

- व्यवस्थापक

## बिर्तामोड खानेपानीको अत्यन्त जरुरी सूचना

बिर्तामोड नगर क्षेत्रमा जेसीभी लगायत उपकरणले खन्दा वर्षाको समयमा खानेपानीको पाइपमा क्षति भइरहेको छ । जेसीभी लगायतका उपकरणले खन्दा खानेपानीको पाइप रहेको क्षेत्र पहिचान गरेर वा बिर्तामोड खानेपानीसंग समन्वय गरेर मात्र खन्न सबैलाई यसै सूचनामार्फत सूचित गरिन्छ। अन्यथा सम्वन्धित पक्ष नै जवाफदेही हुने जानकारी गराइन्छ। साथै हाल विभिन्न ठाँउमा गैरजिम्मेवार ढंगले पाइपमा क्षति पुऱ्याएर छोड्ने गरेको पाइएकाले त्यस्ता गैर जिम्मेवार काम गर्नेहरुलाई कानुनी कार्वाही गरिनेछ।

अध्यक्ष : जलकुमार गुरुङ

# बिर्तामोडको सडकपेटीबाट बिरामी महिलाको उद्दार

बिर्तामोड । झापाको बिर्तामोडस्थित सुजुकी सोरुम नजिकै राजमार्ग छेउमा बिरामी भएर अलपत्र अवस्थामा रहेकी एक महिलाको उद्दार गरिएको छ।

अर्जुनधाराको सालबारी घर बताउने अन्दाजी ४५ वर्षीय देवी चौधरीको उद्दार गरिएको हो । उनलाई उपचारको लागि प्रदेश सांसद जसमाया गजमेर,बिर्तामोड उधोग वाणिज्य संघका महासंघका महासचिव अर्जुनकुमार मैनाली,बिर्तामोड नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाई र ईलाका प्रहरी कार्यालय अनारमनीको रोहवरमा मेची प्रादेशिक अस्पताल भद्रपुर पठाईएको छ। उनलाई बिर्तामोड नगरपालिकाको एम्वुलेन्समा राखेर अस्पताल पठाईएको हो।

विगत ५ वर्षदेखि एक भारतीय नागरिकसंग सडक पेटीमा वसेर कवाडी सामग्री बटुलेर जिविकोपार्जन गर्दै आएकी चौधरी विरामी परेर केहि दिन देखि थलिएको स्थानीयले बताएका छन्।

## २२५ पालिकाले अझै पेश गरेनन् बजेट

बिर्तामोड । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अझै २२५ वटा स्थानीय तहले बजेट पेश नगरेको बताएको छ।

नयाँ आर्थिक वर्ष हिजोबाट सुरु भइसके पनि २२५ वटा स्थानीय तहले अझै बजेट पेश गर्न नसकेको मन्त्रालयले जनाएको हो । बजेट पेश गरेर पास नगरेसम्म स्थानीय तहले चालु आर्थिक वर्षमा रकम खर्च गर्न पाउने छैनन्। मन्त्रालयका अनुसार हालसम्म ७५३ मध्ये ५२८ वटा स्थानीय तहले आर्थिक वर्ष २०७९/८० को बजेट पेश गरेका छन्।

हालसम्म बजेट पेश गर्नेमा प्रदेश १ का १०२, मधेस प्रदेशका ७०, बागमती प्रदेशका ८४, गण्डकी प्रदेशका ७२, लुम्बिनी प्रदेशका ८३, कर्णाली प्रदेशका ५६ र सुदूरपश्चिम प्रदेशका ६१ स्थानीय तह रहेका छन्।

बजेट पेश नगर्नेमा प्रदेश १ का ३५, मधेश प्रदेशका ६६, बागमती प्रदेशका ३५, गण्डकी प्रदेशका १३, लुम्बिनी प्रदेशका २६, कर्णाली प्रदेशका २३ र सुदूरपश्चिम प्रदेशका २७ वटा स्थानीय तह छन्।

# १३५ संक्रमति फेला, एकको मृत्यु

बिर्तामोड । झापाको १७ जनासहित १३५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । एक हजार ४७३ नमूनाको पिसीआर परीक्षण गर्दा ११४ र एक हजार ५६८ नमूनाको एन्टिजेन परीक्षण गर्दा २१ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

झापामा आइतवार १७ जनामा कोरोना पुष्टि भएको छ । त्यसमध्ये १३ अन्य देशका रहेका छन्। स्वास्थ्य कार्यालय झापाका अनुसार ३०७ जनाको कोरोना परीक्षण गर्दा १७ जनामा कोरोना पुष्टि भएको हो।

स्वास्थ्य कार्यालय झापाका अनुसार बिर्तामोड, बुद्धशान्ति र विर्तामोडमा १/१ जना महिलामा कोरोना पुष्टि भएको छ । यस्तै, भद्रपुरका १ जना पुरुषमा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ। आइतवार ५९ कोरोना सङ्क्रमणमुक्त भएका छन्। सक्रिय सङ्क्रमितको संख्या एक हजार ४३९ छ। सङ्क्रमितमध्ये एक हजार ३७० होम आइसोलेशन, ६९ संस्थागत आइसोलेशन, १८ आइसियू र एक जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ। कोरोना सङ्क्रमणबाट थप एकको ज्यान गएको छ । नेपालमा हालसम्म कोरोना सङ्क्रमणबाट ११ हजार ९५३ को मृत्यु भएको छ।

आइतवार ३२ हजार ५१५ ले कोरोना विरुद्धको खोप लगाएका छन् । नेपालमा हालसम्म दुई करोड पाँच लाख १८ हजार ७६२ ले खोपको पहिलो मात्रा, दुई करोड चार लाख ४७ हजार ७६ ले दोस्रो मात्रा र ६८ लाख ७३ हजार १६ ले अतिरिक्त मात्रा खोप लगाएका छन्।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सफाई

आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठुलो सेफ्टी ट्याङ्की अनुभवि व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।





विशाल हरिजन

९८१४९९३७१२ ९८२४९९०४६२
९८४२६७७८५५ ९७४५२६०८२५

नोट : यहाँ पाईप फिटिङ् सर्भिसको व्यवस्था छ ।

## बिर्ता सेफ्टी तथा ढल सफाई



9825952677
9825952680
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## कोभिड-१९ को जोखिम पुन: देखा परेको छ

यसबाट बच्न र बचाउन :
- सहि तरिकाले मास्क लागौं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम गरौं।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं।
- आफू बस्ने घर तथा कार्यालय लगायतका स्थानमा नियमित सेनेटाइज गरौं
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं।
- समयमा नै सतर्क र सचेत बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्तामोड नगरपालिका
नगरकार्यपालिको कार्यालय
बिर्तामोड नगर अस्पताल
बिर्तामोड, झापा

## औषधि तथा औषधीजन्य मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**ठेक्काको सूचना नं. BTMMUN/GOOODS/SQ–01/079–80**

प्रथम पटक प्रकाशित मितिः-२०७९/०४/२

**यस अस्पताललाई आ.व. ०७९/८० को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।**

शर्तहरुः-

(०१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्ममा दरभाउपत्र फाराम यस अस्पतालको स्टोर शाखाबाट रु १,०००/- अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ।

(०२) दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजात संलग्न हुनुपर्नेछ।

(क) औषधी व्यवस्था विभागबाट प्राप्त नविकरण सहितको इजाजत पत्रको प्रमाणित प्रतिलिपी।

(ख) मुल्य अभिवृद्धि कर वा पानमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

(ग) आ.व.०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(घ) प्रोपाईटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा।

(ङ) संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट अनिवार्य रुपमा गराई आएको हुनुपर्नेछ।

(०३) खरिद गरिएका दरभाउपत्र १६ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

(०४) रितपुर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा बिर्तामोड नगरपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

(०५) रित नपुगेको र म्याद नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।

(०६) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ।

(०७) दरभाउपत्रदाताले धरौटी वापतको रु ६०,०००/-(साठी हजार मात्र) बिर्तामोड नगरपालिकाको एन.आई.सि. एशिया बैंक लि., बिर्तबिजार मा रहेको धरौटी खाता नं. 246CA500188700002 मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको कम्तिमा ७६ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्दछ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ।

(०९) पेश भएका सिलबन्दी दरभाउपत्र आंशिक रुपमा, आइटमवाइज रुपमा, पुर्णरुपमा स्विकृत गर्ने वा रद्द गर्ने अधिकार यस समितिमा निहित रहनेछ।

(१०) उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। विस्तृत जानकारी नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा हेर्न सक्नुहुनेछ साथै यस कार्यालयको टेलिफोन नं. ०२३-५४०४८८ मा कार्यालय समय भित्र टेलिफोन गरि वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**टाइम्स मिडिया नेटवर्क प्रा.लि.** *द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा। फोन : ०२३-५३५०२८ | Gmail : ijalaasdaily@gmail.com |*

**अध्यक्ष** : नारायणप्रसाद पोखरेल | लेआउट : छेत्रलाल राजवंशी।। **कार्यालय प्रतिनिधि** : ९८५२६३५०२८ / **सम्पादक** : प्रदीप परिवार